annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८४ पृष्ठ ८ | काठमाडौं, शनिबार २४ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | SATURDAY, NOVEMBER 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# एकचोटी आइजाया घुम्न हाम्रा कर्णाली

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

- को रिपोर्ट

समाचार पृष्ठ २

नेपाली भाषा, सभ्यता र संस्कृतिको उद्‌गमस्थल हो- कर्णाली। धार्मिक र सांस्कृतिक रूपले जति सम्पन्न छ, पर्यटकीय हिसाबले पनि उत्तिकै समृद्ध छ। छ त केवल प्रचारप्रचारको कमी, राज्यको लगानी र नीतिको अभाव। रारा यतै छ, शे-फोक्सुण्डो शिरमा छ। यहाँका लोभलाग्दा, झरना र पञ्चदेवलले जो कोहीलाई मन्त्रमुग्ध बनाउँछ। तर, प्राकृतिक रूपमा जति धनी भए पनि पर्यटकीय गन्तव्य बन्न सकेको छैन, कर्णाली।



मुगु जिल्लामा रहेको रारा ताल।
● बिस्नप्रसाद न्यौपाने

## भित्री पृष्ठ



हलले नपत्याएका, दर्शकले रुचाएका नेपाली फिल्म - पृष्ठ ३




चिठी-पत्रः हराउँदै गएको बौद्धिक अभ्यास ! - पृष्ठ ४



मृत्युलाई काँधमा बोकेर तुइन तर्दै - पृष्ठ ५




उदाउँदो सूर्यलाई अर्घापर्ण गर्दै सकियो छठ - पृष्ठ ८

### बागमतीका निलम्बित मेयर थापाको 'चलाखी'

# 'किर्ते' भर्पाइ बनाएर करोडौं लेनदेनका कागज तयार

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



अख्तियारबाट मुद्दा खेपिरहेका सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापाले किर्ते भर्पाइ बनाएर करोडौंको लेनदेन गरेको देखिएको छ। उनले भ्रष्टाचारको मुद्दाबाट बच्न करोडौंको लेनदेनको नक्कली भर्पाइ र कपाली तमसुक बनाएको तथ्य भेटिएको छ। यो सबै नियोजित रूपमा मुद्दा प्रभाव पार्न गरिएको आरोप उनीमाथि स्थानीयको छ। निलम्बित मेयर थापामाथि मुद्दैमुद्दा छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मात्रै दुई वटा मुद्दा हालिसकेको छ। अख्तियारले थापाविरुद्ध २०८० चैत २७ मा ५ करोड ३३ लाख अकुत सम्पत्ति आर्जनमा मुद्दा हालेको थियो। त्यस्तै, २०८१ जेठ २८ मा भरत तालमा अनियमितता भएको आरोपमा मुद्दा चलाइएको छ। उनले भरत ताल निर्माणमा अनियमितता गरी राज्यलाई ३३ करोड हानिनोक्सानी पुऱ्याएको आरोपको मुद्दा चलिरहेको छ।

अकुत सम्पत्ति आर्जनमा ५ करोड ३३ लाखको दाबी अख्तियारको छ। थापाले अकुत सम्पत्तिबराबरको गाउँघरमा ऋण देखाएका छन्। स्थानीयका अनुसार भ्रष्टाचार गरेको सम्पत्ति लुकाउन थापाले 'आफूलाई ऋणमा छु' भनेर देखाएका छन्। अख्तियारले अनुसन्धान गर्दा नदेखाएको भर्पाइ उनले अदालतको लागि तयार पारेका छन्। अख्तियारले लामो अनुसन्धान गरेर थापाविरुद्ध विशेष अदालतमा मुद्दा चलाएको हो।

अख्तियारलाई थापाले ऋण लिएको देखाएका थिएनन्। तर अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको एक महिनापछि अकुत सम्पत्ति आर्जनको मुद्दा प्रभावमा पार्न उनका व्यापारिक साझेदार नातेदार नक्कली साहु खडा किर्ते भर्पाइ बनाएर सर्लाही जिल्ला अदालतमा पेस गरिएको भेटिएको छ। निलम्बित थापाले साझेदार हरिराम काफ्लेसँग २ करोड ५० लाखको भर्पाइ बनाएका छन्। त्यस्तै नातेदार सुमन थापासँग १ करोड २० लाखको कागज बनाएको देखिएको छ। उनीहरूबाट ऋण लिएको थापाको दाबी छ। तर स्थानीयले निलम्बित मेयर थापाविरुद्ध नक्कली साहु खडा गरेर किर्ते भर्पाइ बनाई मुद्दालाई प्रभावित गर्न खोजेको आरोप लगाएका छन्। थापाले तयार गरेका भर्पाइ किर्ते भएको उनीहरूको भनाइ छ।

'अख्तियारद्वारा २०८१ चैत २७ मा मुद्दा दर्ता हुन्छ, त्यसको एक महिनापछि उनका लेनदेनका



मुद्दा अदालतमा आउँछन्, त्यो यी भर्पाइ किर्ते हुन्', स्थानीयको भनाइ छ, 'नत्र उनले अख्तियार र सम्पत्ति शुद्धीकरणले छानबिन गर्दा किन यी भर्पाइ पेस गर्न सकेनन्, किन ऋण देखाउन सकेनन् उनले प्रश्न गर्दै भनेका छन्, 'यत्रो लेनदेन नगदमा कसरी हुन्छ कपाली तमसुकको भरमा पैसा दिने प्रचलन हटिसकेको छ। कपाली तमसुकको आधारमा पैसा दिन छाडिसके। बरु जग्गा नै राजीनामा पास गरिदिन्छन् तर यहाँ रुपैयाँ भर्पाइमा लेनदेन करोबार भएको छ। क्रसर उद्योग, अलकत्रा बनाउने उद्योग, होटल ह्यारिसन क श्रेणीका ठेक्का कम्पनी, ट्रिपर, स्काभेटर सबै भरत थापाकै छन्। विभिन्न मानिसका नाममा ती कम्पनी राखिदिएका छन्। थापा व्यापार व्यवसायबाट ठेकेदार हुँदै राजनीतिमा आएका हुन्।

बागमती नगरपालिकाका स्थानीय कपिल घिमिरेले भरत थापाका सबै भर्पाइ र कपाली तमसुक फर्जी रहेको बताउँछन्। सामान्य हैसियतका मानिस जस्ले अनियमितता गरेर अकुत सम्पत्ति आर्जन गरेको ऐनाजस्तै छर्लंग भएको उनको भनाइ छ। 'हिजो उनको हैसियत के थियो स्थानीय जयराम कार्कीले मेयर थापाले किर्ते गरेर मुद्दा प्रभावित गर्न खोजेका बताए। उनले यसरी किर्ते कागजात बनाएको आधारमा कसैले उन्मुक्ति पाएमा त्यसले कानुनी व्यवस्थामा प्रश्न चिह्न खडा हुने बताउँछन्।

'यस्तै किर्ते भर्पाइ र तमसुकको आधारमा कसैले उन्मुक्ति पायो भने न्याय र इन्साफको अवस्था के होला निलम्बत मेयर थापाले बागमती माछा पोखरीलाई आफ्नो नाम राखेर भरत ताल नामकरण गरेका छन्। अहिले यो ताल मधेस प्रदेशमा नै चर्चित छ। बागमती माछापोखरीलाई किन आफ्नो नाममा राखेर ताल बनाएको भन्दै स्थानीयले प्रश्न गरेका छन्। पर्यावरण र वातावरण जोगाएर ताल निर्माण गर्नुपर्नेमा विनाश गरेर बनाएको स्थानीयको आरोप छ। 'यो विकास होइन, विनाश हो' उनीहरू भन्छन्।

मेयर थापाले बुद्ध शान्ति तपोवनलाई पनि फन पार्क बनाएका छन्। जसले चुरेको विनाश गरेको स्थानीय बताउँछन्। बुद्ध शान्ति तपोवनलाई फनपार्क बनाइएको छ, त्यो गलत हो, त्यसले चुरे जोगाउने होइन विनाश गर्ने काम भएको छ। सागरनाथ वन विकास परियोजनाअन्तर्गतको ठूलो परिणाममा सार्वजनिक जग्गा थियो। त्यो जग्गामा उनले देशभरका सुकुम्बासी ल्याएर बसाएका छन्। यसरी बसाएका सुकुम्बासीलाई उनले भोट बैंकको रूपमा प्रयोग गर्ने गरेका छन्।

के छ अकुत सम्पत्ति मुद्दा मिक बचत आय, श्रीमतीको पारिश्रमिक बचत आय, बैठक भत्ता, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको ऋण/ कर्जा आय, जग्गाबिक्री आय, कम्पनी आय र कृषि आयसमेत गरी जम्मा ७ करोड ८६ लाख ५० हजारको वैधानिक स्रोत खुल्न आएको देखिएको छ भने सो अवधिमा उनको सम्पूर्ण खर्च तथा लगानी १३ करोड २० लाख ३ हजार ३ सय देखिएको भन्दै अख्तियारले मुद्दा हालेको छ।

» बाँकी पृष्ठ ६

## सर्वोच्चको न्यायाधीशमा निरौला र पाण्डेको नाम अनुमोदन



**काठमाडौं** (अन्नपूर्ण) : संसदीय सुनुवाइ विशेष समितिले सर्वोच्च अदालतका प्रस्तावित दुई न्यायाधीशको नाम सर्वसम्मतिले अनुमोदन गरेको छ। शुक्रबार बसेको समितिको बैठकले प्रस्तावित न्यायाधीशहरू नृपध्वज निरौला र नित्यानन्द पाण्डेको नाम अनुमोदन गरेको हो।

समितिका ज्येष्ठ सदस्य पशुपतिशमशेर राणाले न्याय परिषद्‌बाट सिफारिस भएका उनीहरूको नाम अनुमोदन भएको बताए। उनीहरूको योग्यता, क्षमता र अनुभवको आधारमा निरौला र पाण्डेको नाम अनुमोदन गरेको उनले बताए। प्रस्तावित न्यायाधीशको नाममा समितिले शुक्रबार सुनुवाइ गरेको थियो। त्यस क्रममा सांसदहरूले प्रस्तावित न्यायाधीशविरुद्ध परेका उजुरी र न्यायालयको सुधारबारे विभिन्न प्रश्न सोधेका थिए। निरौला र पाण्डेले त्यसको जवाफ दिएपछि सर्वसम्मत नाम अनुमोदनको निर्णय समितिले गरेको थियो।

## राजस्व चुहावट नियन्त्रणमा दुई समिति

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले राजस्व चुहावट नियन्त्रण गर्न दुई बेग्लाबेग्लै अनुगमन समिति बनाएको छ। मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा बसेको बैठकले राजस्व चुहावटलाई नियन्त्रण गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र अर्थ मन्त्रालयमा राजस्व हेर्ने सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा दुई अनुगमन टोली गठन गर्ने निर्णय गरेको छ। यो अनुगमन टोलीमा नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक (डीआईजी)हरू सदस्य रहनेछन् ।

अनुगमन टोलीले राजस्व चुहावटको जोखिम भएका क्षेत्र र स्थान पहिचान गर्नेछ। यी क्षेत्रमा निगरानी बढाउने, अनुगमन गर्ने र नियन्त्रणका लागि आवश्यक कदम चाल्नेछ। टोलीले नियमित रूपमा क्रमशः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र अर्थ मन्त्रालयमा प्रतिवेदन पेस गर्ने निर्णयमा उल्लेख छ।